# जोरायल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रावतकट्टे, डोटी
## सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८०/०८१
सूचना नं. ०९

## सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना !

**(प्रथम पटक प्रकाशित मिति: २०८०/०५/१७)**

यस जोरायल गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा तपसिल बमोजिमको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र कृषि विकास बैंक जोरायल शाखामा रहेको यस जोरायल गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ०८२७१०१३४६८३६१०६ मा राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

**१. पदको विवरण:**

| क्र. सं. | विज्ञापन नं. | सेवा/समूह | पद | तह | संख्या | विज्ञापनको किसिम | दरखास्त दस्तुर | काम गर्नुपर्ने संस्था |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०२-२०७९/०८० | स्वास्थ्य /प.हे.न. | अ.न.मि. | सहायक चौथो | २ | महिला | रु. ५०० | रिठा सामुदायिक स्वास्थ्य इकाई- १<br>नकु सामुदायिक स्वास्थ्य इकाई-१ |
| २ | ०३-२०७९/०८० | - | का.स. | तहविहिन | ३ | महिला | रु. ४०० | छतिवन स्वास्थ्य चौकी- १<br>रिठा सामुदायिक स्वास्थ्य इकाई- १<br>नकु सामुदायिक स्वास्थ्य इकाई-१ |

**२. आवश्यक न्यूनतम शैक्षिक योग्यता:**

- **अ.न.मि.** : मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मि. वा सो भन्दा माथिको योग्यता पुरा गरी सम्बन्धित व्यावसायिक परिषदमा दर्ता भएको।
- **का.स.**: साधारण लेखपढ गर्न जान्ने। (कम्तिमा ५ कक्षा उत्तीर्ण गरेको)

**३. आवश्यक कागजात:** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको प्रमाणपत्रको प्रतिलिपिहरु:

- उमेदवारको व्यक्तिगत विवरण
- नेपाली नागरिकताको प्रमाणपत्र
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरु
- अनुभव खुल्ने प्रमाणपत्रहरु
- काउन्सिल दर्ता प्रमाणपत्र (अ.न.मि. को हकमा मात्र)
- २ प्रति पासपोर्ट आकारको फोटो

४. **परीक्षाको किसिम:** प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन, लिखित परीक्षा र अन्तर्वार्ता ।
५. **प्राथमिकता:** स्थानीय, दलित र आदिवासी जनजाती महिलालाई प्राथमिकता दिईने।
६. **उमेर हद:** १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।
७. **दरखास्त दिने स्थान:** जोरायल गाउँ कार्यपालिकाको कार्यालय, रावतकट्टे, डोटी।
८. **दरखास्त दिने अन्तिम मिति:** २०८०।०५।३१ गते कार्यालय समय भित्र।
९. **तलब तथा सेवा सुविधा:** गाउँपालिकाले तोके बमोजिम ।
१०. **करार अवधी:** २०८१ असार मसान्त सम्म।
११. अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको।
१२. थप जानकारीको लागि सम्पर्क नं. ९८५८४२७६५४

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

**नोट:** दरखास्त फाराम र लिखित परीक्षाको पाठ्यक्रम जोरायल गाउँ कार्यपालिकाको कार्यालयबाट उपलब्ध हुनेछ। साथै यस कार्यालयको वेवसाइट www.jorayalmun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ।